१६ औं वार्षिकोत्सव
प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१६ ।। अङ्क : ५५ ॥ २०८० चैत्र १८ गते आईतबार (31st Mar 2024 Sunday) **Pratidin** National Daily मूल्य–रु.५/–

# एमाले झापाको अध्यक्षमा गिरी र उपाध्यक्षमा ढुंगेल

झापा(प्रस) । नेकपा एमाले झापाको ११ औं अधिवेशनबाट प्रेमबहादुर गिरी अध्यक्षमा निर्विरोध चयन भएका छन् ।

अध्यक्ष गिरीसंगै उपाध्यक्षमा शिव ढुंगेल पनि निर्विरोध चयन भएका छन् । शनिवार बिहान १०.३० बजेदेखि दिउँसो ३ बजेसम्म तोकिएको उम्मेदवारी दर्ताको समयभित्र अध्यक्ष र उपाध्यक्षमा एक-एक जनाको मात्र उम्मेदवारी परेको हो । सचिव र उपसचिवमा भने एकभन्दा बढीको उम्मेदवारी परेको छ । सचिवमा तुलसी कार्की, बोधप्रसाद घिमिरे, उपसचिव पदमा पुरुषतर्फ असारु राजवंशी, टिकाराम मंग्राती र चन्द्र सुब्बाले उम्मेदवारी दर्ता गराएका छन् । यस्तै, महिला उपसचिवतर्फ अनिता कन्दङ्वाले उम्मेदवारी दर्ता गराएकी छन् ।

यसअघि अध्यक्ष पदका लागि आकांक्षा राखेका ढुंगेल उपाध्यक्षमा सर्वसम्मत भएका हुन् । उनलाई प्रदेश कमिटीमा लैजाने चर्चा पनि रहेको थियो । पार्टी अध्यक्ष तथा पूर्व





प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेपछि बिहीवार साँझबाट निर्वाचन कार्यक्रम संचालन गरिएको छ । जिल्ला अधिवेशनमा शुक्रवारबाट बन्दसत्र सुरु भएको हो । शनिवार दिउँसो भएको उम्मेदवारी दर्तामा दुई पदबाहेक सबै पदहरुमा आवश्यक संख्याभन्दा बढी उम्मेदवारी परेको छ ।

जिल्ला अधिवेशनबाट बन्ने १५० सदस्यीय कमिटीका लागि करिव ३५० जनाले उम्मेदवारी दिएको जनाइएको छ । कचनकवल, गौरीगञ्ज,गौरादह, झापा र कनकाईमा सदस्यहरु सर्वसम्मत भइसकेको बुझिएको छ । अन्य पदहरुमा समेत सर्वसम्मत गर्ने प्रयास भइरहेकोले आइतवार गर्ने भनिएको मतदान सोमवारलाई सारिएको छ । अधिकतम प्रयास गरेर अन्य पदहरुमा पनि सहमति जुटाउने कसरतमा नेताहरु लागेका छन् । आ-आफ्नो पालिकाहरुमा छलफल गरेर अन्तिम नाम ल्याउने, नामहरु आउन नसके मात्रै चुनावमा जाने सल्लाह भएको एक नेताले बताएका छन् । सोमवार जिल्ला पार्टी कार्यालयमा चुनाव हुने बताइएको छ ।

अधिवेशनमा पालिकाबाट ४३० जना, जनसंगठनहरूबाट ८९ जना, मजदुरबाट ३० जना, सल्लाहकारहरू २५ जना, सम्पर्क मञ्चबाट पाँच जना र आयोजक १६९ जना एवम् मनोनित प्रतिनिधिहरू ३८ जना गरी ७८६ जना सहभागी भएका छन् । जिल्ला अधिवेशनबाट ५ जना पदाधिकारीसहित १५० जनाको कमिटी बन्ने छ । विभिन्न जनवर्गीय संगठनहरुबाट पछि थप १५ जना मनोनित हुने छन् ।

# किचकबधमा २२ सय बर्ष पुरानो पाँचवटा भवन भएको पुष्टि

• **चिन्तामणि दाहाल,**

भद्रपुर । झापाको भद्रपुर ३ पृथ्वीनगरस्थित ऐतिहासिक तथा धार्मिकस्थल किचकबध क्षेत्रमा ५ वटा भवनका संरचना भएको पुष्टि भएको छ । देउनिया खोला किनारमा अवस्थित १० विगाह क्षेत्रफलको टिलानुमा स्थलमा साना ठुला गरी ५ वटा भवनका संरचना पाइएको पुरातत्वविद उद्धव आचार्यले बताए । सातौं पटकसम्मको उत्खनन्मा उत्तर पूर्वमा एउटा बहुतले ठूलो भवन, ठूलो भवनकै केही दक्षिण अर्को भवन, सोही भवनकै उत्तरपश्चिम छेउमा सेन्ट्री बस्नेसहितको अर्को भवन, सोही भवनको केही पश्चिमदक्षिण अर्को बहुतले भवन तथा यी ४ वटा भवनको दक्षिण करीब २ सय फुटको दूरीमा सुरक्षा प्रमुखसहित अरु सुरक्षाकर्मी बस्ने दुई तले अर्को भवन गरी ५ वटा भवनका संरचना फेला परेका हुन् ।

यी संरचनाबाट धेरै पुरातात्विक सामग्री फेला परेको र तिनीहरुको कार्बन परीक्षण लगायतका परीक्षणबाट यो स्थल इसापूर्व शुंग-कुषाणकाल अर्थात १ सय २० देखि



२०० इसापूर्वकोअर्थात आजभन्दा २२ सय बर्ष पुरानो पुष्टि भएको पुरातत्वविद आचार्यले बताए । यो स्थल गुप्तकाल अर्थात इसाको पाँचौं शताब्दिसम्म कायमै रहेको र यस क्षेत्रमा पाँचौ शताब्दिमा आएको शक्तिशाली भूकम्पले सबै ध्वस्त भएकोले खण्डहरमा परिणत भएको अनुमान फ्रेन्च भूगर्भविदसहितको एउटा टोलीले केही बर्षअघिको अध्ययन भ्रमणमा गरेको बताइएको छ ।

पुरातत्वविद आचार्यका अनुसार यस स्थलको मूल भवनको उत्खनन् अर्को साल पुरा हुने आशा गर्दै यस पटकको उत्खनन्मा यसभन्दा अझमुनि अझ अगाडिको कालको पुष्टि हुने संरचनाको संकेत पाइएको छ । यो संरचनाले भने यस स्थलको ऐतिहासिकता बुद्धकालभन्दा पनि अगाडि जानसक्ने संभावना रहेको पनि उनको भनाई छ ।

तर, उनले यसपटकको उत्खनन् गरिएको क्षेत्रमा रुखहरु भएकोले यी सबै रुख हटाउनु पर्ने, अहिले कायमै रहेको क्लबको हल हटाउनु पर्ने, पुरानो किचकवधको मूर्ति स्थानान्तरण गर्नु पर्ने, किचकबधस्थलभित्र सवार ासाधन छिर्न कडाईका साथ रोक्नु पर्ने र संरक्षित ऐतिहासिक संरचनाको पनि संरक्षण हुने पर्ने आवश्यकता औल्याएका छन् ।

❖ बाँकी तेस्रो पृष्ठमा

# अन्त्येष्टि गरेर फर्किंदै गरेको परिवारै बिलायो त्रिशूलीमा

झापा(प्रस) ।शनिबार बिहान काठमाडौंबाट गोरखाको गोरखा नगरपालिका-७ स्थित घरतर्फ जाँदै गरेकी जुनकिरी रोकायाको परिवारै त्रिशूली नदीमा बिलाएको छ। गोरखा जाँदै गरेको बा २ झ ४१९६ नम्बरको ट्याक्सी बिहान चितवनस्थित त्रिशूली नदीमा खसेको हो।ट्याक्सीमा सवार पाँच फर्किंदै गरेकी जुनकिरीसहित ६ जना सवार ट्याक्सी शनिबार बिहान त्रिशूली नदीमा खसेको हो। तीमध्ये ५ जनाको घटनास्थलमै मृत्यु भएको हो भने एक युवक नदीमा हराइरहेका छन्।

वडाध्यक्ष श्रेष्ठका अनुसार दुर्घटनामा जुनकिरी, ट्याक्सी चालक जुनकिरीकै ज्वाइँ ३५ वर्षीय



जनाको मृत्यु भयो भने एक जना बेपत्ता छन्।प्रहरीका अनुसार उनीहरू काठमाडौँमा आफन्तको दाहसंस्कार गरेर फर्किंदै थिए।

गोरखा नगरपालिका-७ का वडाध्यक्ष विष्णुप्रसाद श्रेष्ठसँग बुझ्दा स्थानीय ७० वर्षीया जुनकिरी रोकायाका छोरा शंकर रोकायाको काठमाडौंमा मृत्यु भएको थियो।

पशुपतिमा शंकरको दाहसंस्कार गरेर

अर्जुन शिर्मल, अर्जुनकी श्रीमती तथा जुनकिरीकी छोरी २८ वर्षीया अञ्जना, जुनकिरीकी जेठी छोरी ४१ वर्षीया हरिमाया उपरकोटी र हरिमायाका छोरा ९ वर्षीय आगमनको मृत्यु भएको हो।

बेपत्ता १८ वर्षीय दिवस रोकाया भने पशुपतिमा दाहसंस्कार गरिएका शंकरका छोरा भएको वडाध्यक्ष श्रेष्ठले जानकारी दिए। उनको खोजी भइरहेको प्रहरीले जनाएको छ।

# इलाम–२ मा धमाधम उम्मेदवार घोषणा

इलाम(प्रस) । आगामी वैशाख १५ गते इलाम-२ मा हुन लागेको प्रतिनिधिसभाको उपनिर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टीले शनिबार उम्मेदवारी घोषणा गरेको छ। यसअघि नेकपा एमाले, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतले उम्मेदवार घोषणा गरेर प्रचार सुरु गरे पनि मुख्य प्रतिस्पर्धी ठानिएको नेपाली कांग्रेसले भने अझै उम्मेदवारको टुंगो लगाउन सकेको छैन।

कांग्रेसको क्षेत्र, जिल्ला, प्रदेश समितिले समेत नाम सिफारिस गरेर पठाएको हप्ता दिन बितिसक्दा समेत केन्द्रले उम्मेदवार घोषणा गर्न नसकेको हो। प्रतिद्वन्द्वीहरूबीच कडा रस्साकसीका कारण उम्मेदवार टुंगिन नसकेको कांग्रेस नेताहरूले बताउँदै आएका छन्। कांग्रेसको इलाम जिल्ला कार्यसमितिले भेषराज आचार्य, केशब थापा, डम्बर खड्का, नगेन्द्र कुमाल, रमेश लिङ्दम, चन्द्रमाया लिम्बू र शान्तिकला तामाङको नाम सिफारिस गरेको छ। 'जंघार तर्न तिघ्रा कमाउने कांग्रेसको चालकै कारण त्यस क्षेत्रमा कांग्रेसले पटक-पटक हार व्यहोर्नु परेको हो,' कांग्रेसका एक नेता आरोप लगाउँछन्।

यता राष्ट्रिय स्वतन्त्र पार्टीले शनिवार उम्मेदवार घोषणा गरेको छ। रास्वपाका सभापति रबि लामिछानेसहितका पार्टीका नेताहरू इलाम पुगेर उम्मेदवार सार्वजनिक गरेका हुन्। गृहमन्त्रीसमेत रहेका लामिछानेले स्वर्गीय नेता सुवास नेम्वाङको विरासत बोक्न इलामको माटोमा राष्ट्रिय स्वतन्त्र पार्टी आएको बताए।



उनले मिलन लिम्बूलाई आफ्नो दलले उम्मेदवार बनाएको बताउँदै इलामले घण्टी बजाएरै छोड्ने दाबी गरे। इलामको चोक बजार लाँकुरी चौतारामा एक कार्यक्रम गरी पत्रकारसमेत रहेका लिम्बूको उम्मेदवारी सार्वजनिक गरिएको हो। उम्मेदवारी सार्वजनिक कार्यक्रममा युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठ, ललितपुर ३ की सांसद तोषिमा कार्की, उपाध्यक्ष स्वर्णिम वाग्लेलगायत सहभागी थिए।

गत भदौ २६ गते एमाले उपाध्यक्ष तथा संविधानसभा अध्यक्ष सुवास नेम्वाङको निधन भएपछि हुन लागेको उपनिर्वाचनका लागि इलाम-२ मा चहलपहल सुरु भएको छ। एकाएक चर्चामा आएका नेम्वाङपुत्र सुहाङ नेम्वाङलाई एमालेले उम्मेदवार बनाएपछि चुनावी सरगर्मी बढेको हो।

त्यस्तै माओवादी कोशी प्रदेश समितिले चार जना आकांक्षीको नाम सिफारिस गरेको छ। प्रदेश अध्यक्ष हर्कबहादुर नेम्वाङ (मिक्सो)ले पार्टीको तर्फबाट धिरेन्द्र शर्मा तिम्सिना (रमण), उर्मिला तामाङ (चन्दा), ओमबहादुर गुरुङ (सौरभ) र कुमार बराइली (अनिल) को नाम केन्द्रमा सिफारिस गरेर पठाएको जानकारी दिए।

यता नेकपा एकीकृत समाजवादीले इलाम क्षेत्र २ को उपनिर्वाचनका लागि सचिवालय सदस्य जितबहादुर राईलाई उम्मेदवार बनाएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले लक्ष्मी गुरुङलाई उम्मेदवार बनाउने भएको छ भने प्रेमदिप लिम्बू, डकेन्द्रसिंह थेगिम र अर्जुनविक्रम शाहीले स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेका छन्। चैत २४ गते उम्मेदवारी दर्ता गर्नेगरी निर्वाचन आयोगले काम गरिरहेको छ।

# माओवादीले एमालेलाई समर्थन गर्ने ओलीको विश्वास

झापा(प्रस) । सत्तारुढ प्रमुख घटक नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आगामी वैशाखमा हुने उपनिर्वाचनमा नेकपा (माओवादी केन्द्र) ले पनि अन्तिम समयमा आएर आफ्नो पार्टीको उम्मेदवारलाई समर्थन गर्ने विश्वास व्यक्त गरेका छन् ।

उपनिर्वाचनमा काँग्रेसलाई जिताउन नमिल्ने भन्दै ओलीले एमाले सत्तासाझेदार रहेको र माओवादी केन्द्रले पनि इलाम- २ को उपनिर्वाचनमा आफ्नो पार्टी उम्मेदवारलाई समर्थन गर्ने ओलीको तर्क थियो । सोही उपनिर्वाचनलाई लक्षित गरी पार्टीको बझाङ-काठमाडौं सम्पर्क मञ्चले शनिबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा उनले इलाम क्षेत्र नम्बर २ र बझाङको प्रदेश १ मा हुने उपनिर्वाचनमा एमालेको जित सुनिश्चित रहेको दाबी गरेका थिए ।

२०७९ को प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनको मतलाई स्मरण गर्दै ओलीले आगामी उपनिर्वाचनमा माओवादीले एमालेका उम्मेदवारलाई समर्थन गर्ने विश्वास गरेका हुन् । 'इलाम क्षेत्र नम्बर २ मा हिजो सबै मिल्दा पनि हामीले जितेका हौं । त्यतिबेला कांग्रेसका उम्मेदवार हामीसँग झण्डैझण्डै सिंगौरी खेल्न पुगेको थियो । माओवादीको घाँस, अर्काको घाँस, अर्काको कुँडो सबै खाएर निकै तागतिलो देखिएको थियो कांग्रेस । त्यतिबेला हामीले हराइदिएका थियौं । अहिले त्यस्तो घाँस, कुँडो कतै हुनेवाला छैन । त्यसकारण यसपल्ट इलाममा हामीसँग कोही प्रतिष्पर्धी छैन । हामी जित्छौं,' उनले भने, 'बझाङ



प्राविधिक हिसाबले कुनै बेला हारेका थियौं । तर आज त्यहाँ समाजवादी पार्टीको भोट, माओवादी पार्टीका भोटले त्यहाँ कांग्रेसले जितेको थियो । आफ्नै बलमा, आफ्नै तागतमा होइन । हामीले १३ हजार ६ सय ल्यायौं । उनीहरूले १६ हजार ३ सय ल्याए । ४ हजार माओवादीको छ । १६

❖ बाँकी अन्तिम पृष्ठमा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# भेट्रान कपमा सी.वी.सी. र पूर्वेली विजयी



शिवसताक्षी(प्रस)। झापाको शिवसताक्षीमा जारी प्रदेशस्तरीय नविन राई स्मृति भेट्रान कप फुटबल प्रतियोगितामा शनिवार दुई खेल भएका छन् । पहिलो खेलमा बिर्तामोड भेट्रान क्लबलाई टाइब्रेकरमा हराउँदै र सी.वी.सी. भेट्रान क्लब चन्द्रगढी विजयी भएको छ । बिर्तामोडलाई ४-१ गोल अन्तरले हराउँदै सी.वि.सी. भेट्रान क्लब चन्द्रगढी विजयी भएको आयोजकले जनाएको छ। निर्धारित समयमा दुवै टिमबाट गोल हुन नसकेपछि खेल टाइब्रेकरमा धकेलिएको थियो ।
त्यस्तै शनिवार नै भएको दोस्रो खेलमा आयोजक (निलो)लाई फराकिलो गोल अन्तरले हराउँदै पूर्वेली भेट्रान क्लब बिर्तामोड विजयी भएको छ । आयोजकलाई ५-० गोल अन्तरले हराउँदै पूर्वेली विजयी भएको हो । खेलको २० औं र २४ औं मिनेटमा पूर्वेलीका जर्सी नं ८ का खेलाडी विकर्ण श्रेष्ठले गोल गर्न सफल भए । त्यस्तै जर्सी नं. ९ का विशाल राईले खेलको २४ औं र ३५ औं मिनेटमा दुई गोल गरे । त्यसैगरी इन्जुरी समयमा जर्सी नं. ७ का सन्तोष राईले थप एक गोल गर्दै ५ गोलको फराकिलो गोल अन्तर जीत दिलाए ।
पहिलो खेलको म्यान अफ दी म्याच सी.वी.सी. भेट्रान क्लबका गोलकिप्पर र दोस्रो खेलको म्यान अफ दी म्याच पूर्वेलीका जर्सी नं. ८ का विकर्ण श्रेष्ठ घोषित भए । उनीहरुले जनही २ हजार नगद प्राप्त गरे ।
प्रतियोगिता झिलझिलेस्थित गणेशमान सिंह अध्ययन प्रतिष्ठानको खेलमैदानमा सञ्चालन भइरहेको छ । प्रतियोगितामा कोशी प्रदेशका १० वटा टिमले सहभागिता जनाएको आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेता टिमले नगद ७१ हजार र उपविजेताले नगद ४१ हजारसहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने छन् । आइतबार सी.वी.सी. भेट्रान क्लब चन्द्रगढी र धुलाबारी भेट्रान क्लबबीच प्रतिष्पर्धा हुने छ ।

# टोलस्तरीय फुटबलमा नगर गौरव + भूतेनी टोल विजयी



बिर्तामोड(प्रस)। बिर्तामोड १० सैनिकबजारमा जारी चौथो संस्करणको वडाध्यक्ष टोलस्तरीय फुटबल प्रतियोगिताको शनिवारको खेलमा नगर गौरव + भूतेनी टोलको संयुक्त टीम विजयी भएको छ। महेन्द्रज्योति माविको खेलमैदानमा भएको प्रतियोगिताको दोस्रो खेलमा चमरधाम +दक्षिण चमरधाप + इलामेली टोलको संयुक्त टीमलाई टाइब्रेकरमा ४-२ गोल अन्तरले पराजित गरी नगर गौरव + भूतेनी टोलको टीम विजयी भएको हो । निर्धारित समयमा दुवै टीमबाट एक-एक गोलको बराबरी भएपछि निर्णयका लागि खेल टाइब्रेकरमा धकेलिएको थियो । दोस्रो हाफको ७ औं मिनेटमा नगर गौरव + भूतेनी टोलको संयुक्त टीमबाट सन्तोष गुरुङले गोल गरेका थिए । तर, त्यसको तीन मिनेटपछि चमरधाम +दक्षिण चमरधाप + इलामेली टोलको टीमका तर्फबाट सेजेन राईले गोल गरी खेललाई बराबरीमा पुर्याएका थिए । शनिवारको खेलमा विजेता टीमका गोलकिप्पर सुजन तामाङ म्यान अफ द म्याच घोषित भए । उनले १ हजार नगद प्राप्त गरे । बिर्तामोड ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बिर्तामोड १० का वडाध्यक्ष दुर्योधन गुरुङ, वडा नं ३ का वडाध्यक्ष मदन बुढाथोकी , ५ का वडाध्यक्ष रोहित प्रसाईलगायतको आतिथ्य रहेको थियो ।
वडा खेलकुद विकास समितिको आयोजनामा चैत १६ देखि शुरु चौथो संस्करणको वडाध्यक्ष टोलस्तरीय फुटबल प्रतियोगिताको फाइनल खेल चैत २५ गते हुने भएको छ । प्रतियोगितामा १० वटा टीमको सहभागिता रहेको आयोजक वडा खेलकुद विकास समितिका अध्यक्ष सुरेन तुम्रोकले बताए । प्रतियोगिताको विजेताले नगद रु ३१ हजार प्राप्त गर्नेछ भने उपविजेता रु २१ हजार प्राप्त गर्नुका साथै दुवै टिमलाई मेडल, ट्रफी र सम्मानपत्रले सम्मान गरिनेछ । प्रतियोगिताको प्रत्येक खेलको म्यान अफ द म्याच खेलाडीले रु.१हजार साथै प्रतियोगिताभरिकै उत्कृष्ट गोलरक्षक,उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट डिफेन्स र उत्कृष्ट फरवार्डले नगद रु. २ हजारका दरले प्राप्त गर्नेछन् । त्यसैगरी प्रतियोगिताको सर्वाधिक गोल गर्ने खेलाडी, राईजिङ प्लेयर र उत्कृष्ट टिम कोचले समेत नगद रु. २ हजारका दरले पुरस्कार प्राप्त गर्नेछन् ।

आइतवारको खेलमा कालीमुनि +तोरीवारी+उदयरत्न+ शिवालय +भीमसेन टोलको संयुक्त टीम र लोक्ताम गाउँ +उज्यालो मिरमिरे टोलको संयुक्त टीमबीच प्रतिष्पर्धा हुने वडा खेलकुद विकास समितिका उपाध्यक्ष खड्गबहादुर गुरुङले जानकारी दिए ।

# आयरल्यान्ड-उल्भ्सले जित्यो शृङ्खला




झापा(प्रस) । आयरल्याण्ड-उल्भ्ससँगको दोस्रो टी-२० अभ्यास खेलमा नेपाल 'ए' ४० रनले पराजित भएको छ । आयरल्याण्ड-उल्भ्सले दिएको दुई सय २५ रनको लक्ष्य पछ्याएको नेपाल १७ ओभर पाँच बलमा एक सय ८४ रन बनाउँदा अलआउट भयो ।

नेपाल 'ए' का देव खनालले ४७, विनोद भण्डारीले २६, लोकेश बमले २५ र बसिर अहमदले २७ रन बनाए पनि अरू ब्याटरले उल्लेख्य प्रदर्शन गर्न सकेनन् । पावरप्लेअघि ८७ रन बनाएर उत्कृष्ट सुरुवात गरेको नेपाल 'ए' का मध्यक्रम र पछिल्लो क्रमका ब्याटरको खेल कमजोर हुँदा नेपालले दोस्रो हार व्यहोर्नुपर्यो ।
नेपालका सागर ढकालले तीन, कमल सिंह ऐरी र पवन सर्राफले समान एक विकेट लिए ।
आयरल्यान्ड-उल्भ्सले नेपाल 'ए' यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको आयरल्यान्ड उल्भ्सले २० ओभरमा छ विकेट गुमाएर दुई सय २४ रन बनायो । आयरल्यान्ड-उल्भ्सका कप्तान निल रकले सबैभन्दा ७१ रन बनाए ।
सँगको तीन खेलको टी-२० शृङ्खला एक खेलअगावै जितेको छ । शुक्रवार भएको पहिलो खेलमा नेपालको 'ए' टोली २१ रनले पराजित भएको थियो । शृङखलाको तेस्रो तथा अन्तिम खेल सोमवार हुनेछ । टी-२० शृङ्खलापछि यी दुई टोलीले आउने बुधवारदेखि तीन खेलको एकदिवसीय शृङ्खला खेल्नेछन् । यसअघि नेपाली राष्ट्रिय क्रिकेट टोली र आयरल्यान्ड-उल्भ्सबीचको दुई खेलको टी-२० क्रिकेट शृङ्खला नेपालले २-० ले जितेको थियो ।

# राष्ट्सेवक सहकारीको स्थापना दिवसमा विविध कार्यक्रम




भद्रपुर(प्रस)। राष्ट्सेवक बचत तथा ऋण सहकारी संस्था भद्रपुर १० चन्द्रगढीको २५ औं वर्ष प्रवेशको अवसर पारेर विविध कार्यक्रम सम्पन्न भएको छ ।
सहकारीका अध्यक्ष वशिष्ठ अधिकारीको अध्यक्षता तथा कोशी प्रदेश सभा सदस्य छविलाल चुडालको प्रमुख आतिथ्यमा जेष्ठ तथा उत्कृष्ट सदस्य सम्मान एवम् सहकारीको वर्तमान अवस्था र चुनौती विषयमा अन्तरक्रिया सम्पन्न गरिएको हो ।
कार्यक्रममा जेष्ठ सदस्य सम्मानबाट केशव लम्साल र कुशुम लामा, उत्कृष्ट सदस्य सम्मानबाट हरिप्रसाद अधिकारी, डोरप्रसाद दुलाल, मदन चौधरी, देविका पोखरेल र विष्णु पोखरेललाई सम्मान गरिएको हो ।
उपाध्यक्ष डिल्ली ढकालले स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा सहकारीकर्मी जीवन काफ्ले र खेम बगालेले कार्यपत्र प्रस्तुत गर्दै सहकारीको विगत र वर्तमानका चुनौती एवम् अवसरवारे प्रष्ट पारेका थिए । ८०८ जना शेयरधनी रहेको सहकारी पेशाकर्मीको सहकारी हो ।
सचिव नवराज पोखरेलले सञ्चालन गरेको कार्यक्रममा निजामती कर्मचारी संगठन झापाका अध्यक्ष केदार पोखरेल, सपनादेवी सहकारीका अध्यक्ष माधवप्रसाद घिमिरेलगायतले शुभकामना मन्तव्य राख्दै केही विकृत सहकारीका कारण सहकारी क्षेत्र बदनाम हुँदै गएकाले सवै शेयरधनी सचेत हुन आश्यक रहेको धारणा राखेका थिए ।

# कोल्बुङमा ट्यांकर पल्टिँदा एकको मृत्यु



झापा(प्रस)। इलामको रोङ गाउँपालिका ३ कोल्बुङमा पानी बोक्ने ट्यांकर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।
शुक्रवार राति मेची राजमार्गबाट मार्से जाने सडकबाट खसेर मे १ त २४०८ नम्बरको ट्यांकर दुर्घटना भएको हो । दुर्घटनामा इलाम नगरपालिका-४ का गणेश लिम्बूका छोरा १७ वर्षीय रञ्जित लिम्बूको मृत्यु भएको पशुपतिनगर प्रहरीले जनाएको छ ।

त्यही ट्यांकरमा काम गर्ने लिम्बूको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय पशुपतिनगरका प्रहरी निरीक्षक विष्णुबहादुर खड्काले बताए । ट्यांकर चालक ३६ बर्षीय मनोज राई घाइते भएका छन् । उनलाई उपचारका लागि झापातर्फ ल्याइएको छ ।

# हात्ती आतंकः तीन दिन नबित्दै दुईजनाको मृत्यु

झापा(प्रस)। तीन दिन नबित्दै झापामा जंगली हात्तीको आक्रमणबाट थप एकजनाको मृत्यु भएको छ । बुधवार जंगली हात्तीले शिवसताक्षी ११ का भेट्वाल दम्पत्तीलाई आक्रमण गर्दा श्रीमती ६० वर्षीया पवित्रा भेट्वालको मृत्यु भएको थियो भने श्रीमान् ६२ वर्षीय दिलिप भेट्वाल गंभीर घाइते भएका थिए ।त्यसको तीन दिन नबित्दै शुक्रवार राति हात्तीले आक्रमण गर्दा कमल गाउँपालिका ५ बाह्रकोठेमा एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ५८ वर्षीया खड्गमाया लिम्बू रहेकी छन् । छिमेकी पवित्रा बेघाको त्रिपालको छाना, टाटीको बेरा भएको भुइँतले झुप्रो घरमा सुतिरहेको अवस्थामा राति ११.५० बजेको समयमा एक्कासी जंगली हात्ती आई घर भत्काउदै गर्दा निस्केर भाग्ने क्रममा खड्गमायालाई हात्तीले आक्रमण गरेको थियो । घरदेखि अन्दाजी ३० मिटर पश्चिमदक्षिण दिशातर्फ हात्तीले भेटी खड्गमायालाई सुँडले घिसारी दाहिने खुट्टाको घुँडादेखि मुनि चुट्टाई क्षतविक्षत पारी घट्नास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ । उक्त हात्ती




गाउँदेखि पश्चिमतर्फ गएको र घटनास्थल सुरक्षित राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

योसँगै यस वर्ष हात्तीको आक्रमणबाट झापामा ७ जनाको मृत्यु भइसकेको छ । त्यस्तै ७ जना घाइते भएको डिभिजन वन कार्यालयकी सूचना अधिकारी अन्जना पुरीले जानकारी दिएकी छन् ।

# गौरादहमा महिला हत्याको आरोपमा छिमेकी पक्राउ



झापा(प्रस)। झापाको गौरादहमा एक महिलाको हत्या भएको छ । गौरादह वडा नं ७ तामाङ चोक बस्ने ३५ वर्षीया सुमित्रा मुर्मूको छिमेकीको कुटाइबाट मृत्यु भएको हो । बुधवार राति ९ बजेको समयमा स्थानीय ४५ वर्षीय मेघराज दर्जीले मुर्मूलाई मरणासन्न हुनेगरी कुटपिट गरेका थिए ।
राति मेघराज दर्जीले आफ्नो घरमा चामल चोरिरहेको अबस्थामा मुर्मुले फेला पारेकी थिइन् । पक्राउ गर्न खोज्दा चोरीमा संलग्न दर्जीले मुर्मूलाई संवेदनशील अंगहरुमा मुक्का र लात प्रहार गरी घाइते बनाएर भागेका थिए । घाइते मुर्मूलाई छिमेकीले आम्दा अस्पताल दमक पुर्याएका थिए । उपचारका क्रममा शुक्रवार दिउँसो १ बजे मुर्मूको मृत्यु भएको प्रहरीले जनाएको छ । मृतकका आफन्तहरुले हिजो अस्थायी प्रहरी चौकी जुरोपानीमा उजुरी दिएपछि हत्यामा संलग्न दर्जीलाई इलाका प्रहरी कार्यालय गौरीगञ्जबाट खटिएको टोलीले नियन्त्रणमा लिएको छ ।घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## माओवादीले...

हजारमा ४ हजार घटाइ दिनुस्, १२ हजारमा आयो । समाजवादी पार्टीको २ हजार छ । त्यो घटाइ दिनुस १० हजारमा आयो । मलाई विश्वास छ-अन्तिममा पुग्दासम्म माओवादीले हामीलाई समर्थन गर्छ ।'

उपनिर्वाचनमा कांग्रेसलाई पराजित गर्न भएपनि माओवादी केन्द्रले एमालेका उम्मेदवारलाई समर्थन गर्ने विश्वास आफूमा रहेको ओलीको भनाइ थियो । 'कांग्रेस जिताउन मिल्दैन, हामीभन्दा माओवादी पार्टी धेरै भोट लिएर त्यो पोजिसनमा हुन्थ्यो भने हामी खुला दिलले माओवादीलाई समर्थन गर्थ्यौं । तर, माओवादीको ४ हजार छ, हामी १३ हजार छौं । साढे १३ हजारभन्दा बढी छौं हामी । त्यसकारण हामीले छोड्न मिल्दैन,' उनले भने, 'गणितले स्पष्ट देखाउँछ-हामी यसपटक कमसेकम १३ हजारबाट १६ हजार त पुग्छौं, पुग्छौं । कांग्रेस १० हजारमा झर्छ । त्यो स्पष्ट छ ।'
इलाम र बझाङको उपनिर्वाचनमा एमाले जित्ने ओलीको दाबी थियो । उनले दुवै निर्वाचन क्षेत्रमा रहेका पार्टी नेता र कार्यकर्ताहरूलाई आन्तरिक असन्तुष्टि एवं फरक मत नराखेर निर्वाचनमा जुट्न निर्देशन दिएका थिए ।







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

प्रतिदिन

# अभिव्यक्ति

कविता

## धिक्कार छ तिमीहरूलाई

देशु वनेम



ए सुहाङ भाइ !
म तिमीलाई आशिर्वाद दिन सक्तिनँ
हो ,हाम्रो शरीरमा एउटै रगत बगेको होला
हाम्रो अनुहार र भाषा मिल्ला
तर
म तिमीलाई शुभकामना दिन सक्तिनँ
किनकि
तिम्रो जितमा हामी हारिरहेका हुनेछौं
तिमीले एकपटक जितौला
तर
हाम्रो सधैं सधैंका लागि हार हुनेछ ।
तिम्रो पछि सत्ता छ
शक्ति ,षड्यन्त्र र सम्पत्ति छ
तिमी जितौला पनि
तर
तिम्रो विजयोल्लास
हाम्रा लागि मृत्युभन्दा पनि बिषाक्त हुनेछ
त्यसैले हामी आफ्नै मृत्युपत्रमा हस्ताक्षर गर्दैनौं
सरी,सुहाङ भाइ !
म तिमीलाई आशिर्वाद दिन सक्तिनँ ।
मिलन र प्रेमदीप भाइ !
तिमीहरूले जित्न त जित्दैनौ
तर हामीलाई हराउन सक्दो सहयोग गर्नेछौ
हिन्दुहरुको ग्रन्थका सुग्रीव र विभिषणभन्दा
तिमीहरू करोडौं गुणा कुलाङ्गार हौ
तिमीहरूलाई थुक्नुबाहेक केही गर्न सक्तैनौ।
तिमीहरू तीनै भाइलाई थाहा छैन
कि
तिमीहरूको काँधमा बन्दुक तेर्साएर
परचक्रीहरु हाम्रो सिकार गर्दै छन्
धिक्कार छ तिमीहरूलाई!
तिमीहरू मुतको न्यानोमा रमाइरहेका छौ
विकासे ललिपपमा आफूलाई बेचिरहेका छौ
तर
यसको मूल्य
तिम्रा सन्ततिका लागि यति महँङ्गो हुनेछ कि
कहिल्यै कहिल्यै चुकाउन सक्ने छैनन्
धिक्कार छ !

## विद्रोहको बेला !



• अग्रता शर्मा

चड्किएको छ चट्याङ
दर्किएको छ पानी
लुकेको छ घाम
सुसाइरहेछ हावा
पक्कै आज
बादलले आकाशमाथि
विद्रोह गरेको हुनुपर्छ

झुकेका छन् रुख
बगेका छन् खोला
यस्तो जस्तो लाग्छ
सबै नतमस्तक छन्
बादलको विद्रोहमाथि
सधैँ छेक्न सक्दैन
बादलले घाम
सधैँ ढाक्न सक्दैन
कुहिरोले आकाश
सधैँ थर्काउन सक्दैन
चट्याङनले डाँडा
सधैँ बदल्न सक्दैन पानीले धार
बेला आउनुपर्छ
विद्रोहको लागि
बादलको विद्रोह
वर्षातमै हुनुपर्छ
जुनकिरीको विद्रोह
रातमै हुनुपर्छ

फलको विद्रोह
बोटमा हुनुपर्छ
जनताको विद्रोह
भोटमा हुनुपर्छ
तबमात्र अस्तित्व रहन्छ
विद्रोहको
विद्रोहले सुरुआत गर्छ
नयाँ भविष्य
विद्रोहले अन्त्य गर्छ
पुरातन सोच
त्यसैले त विद्रोह
नयाँ अध्य्यायको गन्ती पनि
हो
विद्रोह आफैंमा
एक क्रान्ती पनि हो

हो साँच्चै अहिले
विद्रोहको बेला हो
अहिले विद्रोह गर्नैपर्छ
केही नयाँ सुरुआतको लागि
विद्रोह सडकबाट हुनसक्छ
विद्रोह रगतबाट हुनसक्छ
त्योभन्दा बढी त
विद्रोह जनमतबाट हुनसक्छ
अब आउने चुना
केबल चुनाब मात्र होइन
देश बनाउने मेला पनि हो
राम्रा चुन्न एकपटक
हाम्रामाथि विद्रोह गरौँ
किनभने यो
विद्रोहको बेला पनि हो।

## डाक्टरकी आमा !



• गणेशप्रसाद भट्टराई

एकदिन छिमेकी आमाले हातको इसाराले बोलाएर भन्नुभयो, 'ए बाबु, यो औषधी हेरिदेऊ न। अहिले कुन चाहिँ खानुपर्ने हो, आँखाले राम्रो ठम्याउन सकिनँ।'

पल्लो घरकी आमा एक्लै बस्नुहुन्थ्यो। उहाँ उमेरमा ८० को छेउछाउ हुनुहुन्थ्यो तर घरमा कोही नभएकाले आफैँ काम गर्नुहुन्थ्यो। लामो शिक्षण सेवापछि निवृत्त आमामा आफ्ना काम सकेसम्म आफैँ गर्नुपर्छ भन्ने भावना प्रबल थियो। धेरै जसो काम उहाँ आफैँ गर्नुहुन्थ्यो। हरेक बिहान खातमा केही खानेकुरा बोकेर कुकुर, बिराला, चरालाई दिन निस्कनुहुन्थ्यो। प्रायःजसो सामाजिक काममा सकिनसकी पुग्नुहुन्थ्यो।

आँखा कमजोर भएकाले कहिलेकाहीँ पसल जाँदा बाटामा पनि लड्नुहुन्थ्यो र देख्ने मानिसले उठाइदिन्थे। सबैको जय होस् भन्ने थेगो प्रयोग गर्ने भएकाले कसै-कसैले उहाँलाई जय आमा भन्ने गर्थे। छोरो डाक्टर भएकाले धेरैले उहाँलाई डाक्टरकी आमा भन्थे। टोल छिमेकमा आमा नदेखिँदा दिन नै खल्लो भएझैँ लाग्थ्यो।

'पख्नु पख्नु आमा, म आइहालेँ। लड्नुहोला,' म हतारहतार पल्लो घरतिर लागेँ। आमा ढोकाको छेउकै बार्दलीमा हात अड्याएर उभिनुभयो।।

आमाको हातमा धेरै औषधी भएको झोला थियो। मैले हेरे एउटा औषधीको खोलमा बिहान आठ बजे खाने भनेर लेखिएको थियो। अर्को त्यस्तै खोल भएको औषधीमा बेलुका आठ बजे खाने भनेर लेखिएको रहेछ। पढालेखा भए पनि आँखाको दृष्टिका कारण कुन औषधी बिहान खाने हो भनेर उहाँ झुक्किनुभएको रहेछ। उहाँको स्वाँ-स्वाँ बढिरहेको थियो।

मैले आमालाई हातमा समाएर साथ दिँदै भित्र लगेँ र सजिलोसँग बसाएँ। बेलुका केही खान त खानुभएछ जस्तो देखिन्थ्यो तर खाएका भाँडाकुँडा यत्रतत्र थिए। लुगा कपडा पनि असरल्ल थिए। भान्छा र शौचालय सधैँ सफा राख्नुपर्छ भन्ने आमाको सिद्धान्त नै थियो तर आज भान्सामा पनि फोहोर देखिन्थ्यो। आमाको भान्छा आज विरक्त लाग्दो थियो।

'आमा, यो औषधी त खाली पेटमा खाने जस्तो छैन। केसँग खानुपर्ने हो? सधैँ के खाएर खाने गर्नुहुन्थ्यो?' मैले सोधेँ।

आमा भन्न थाल्नुभयो, 'खान त केही ठोस खानेकुरा खाएर खानुपर्ने हो। तीन दिनदेखि अलिक सन्चो छैन। कहिलेकाहीँ त्यो विमला आएर काम सघाइदिन्थी। खोइ कता गई आजकल आउनै छाडी। त्यहाँ दिउरेमा दूध त छ। तताउन पनि सकिनँ आज। खै के पो हुँदैछ मलाई। के गर्ने बाबु, काल पनि आउँदैन। दुःख भो मलाई। त्यसले पनि फोनसम्म गर्न छाड्यो।'आमाले हातले कोस पुछ्नुभयो।

मैले दूध तताएँ। प्लास्टिकको बट्टामा अलिकति चिउरा रहेछ। आमालाई दूध र चिउरा दिएँ। उहाँले खानुभयो। अलिकति मनतातो पानी पनि खानुभयो। मैले औषधी खोलेर दिएँ, त्यो पनि खानुभयो। उहाँ बेलुका केही नखाई सुत्नुभएछ। जुठा भाँडा त हिजो बिहानका रहेछन्। म केही सहयोग गरिदिन्थेँ, मलाई पनि बिरामी भएको थाहा थिएन। यस उमेरमा पनि आमा भोकै सुत्नुभएछ।

मैले सम्झेँ म सानो हुँदा एकदिन आफूलाई भनेर राखेको ढकने उहाँले मलाई दिनुभएको थियो। उहाँलाई थाहा थियो हाम्रो घरमा ढकने बिरलै पाक्थ्यो। सायद त्यस दिन पनि आमा केही नखाई सुत्नुभयो। आज त्यो र यो दिन सम्झेर मेरो मन पनि त्यसै त्यसै भरिएर आयो।

'यस्तो पर्दा त बोलाउनुपर्थ्यो नि आमा। हेर बिरामी पर्नुभएछ। यस्तैमा त छिमेकी चाहिन्छ। म पनि तपाईंको छोराजस्तै त हो। आइहाल्थेँ नि। हुन त म आफैँ आएर आमालाई हेरेको भए पनि हुन्थ्यो। म पनि व्यस्त भएँ। ल यता खाटमा बसेर एकछिन आराम गर्नु, म यी भाँडा माझिहाल्छु।'

'हैन हैन बाबु, भाँडा माझ्नुपर्दैन। तिमीलाई गाह्रो हुन्छ। कति काम होला घरमा।' आमा अझै के-के भन्दै हुनुहुन्थ्यो, मैले ध्यान दिइनँ। म भाँडाकुँडा र भान्छा सफा गर्न थालेँ। लुगाकपडा पनि मिलाइदिएँ। आमा बिहान सधैँ तामाको दियोमा बर्तन राखेर बत्ती बाल्नुहुन्थ्यो। आज सक्नुभएनछ। मैले दियो बालिदिएँ। आमा हेरिरहनुभयो। उहाँले बलेको दियोतिर फर्केर हात जोडेर शिर निहुराउनुभयो। अनुहार पनि हँसिलो देखियो।

आमाको सुत्ने खाट र भात खाना बनाउने ठाउँ सँगै थियो। भान्सामा ग्यास चुलो जोडिएको थियो। शौचालय घरबाहिर थियो। चामल, दाल भुइँमै राखिएको थियो। एक मुठो रायाको साग, एउटा सानो काउली र अलिकति सिमी पनि भुइँमै थियो।

मलाई सम्झना आयो, आमाको छोरो विजय र मसँगै पढ्थ्यौँ। ऊ परिवारमा एउटा छोरो भएकाले बाआमाले राम्ररी पढाउन सक्नुभयो। मेरो घरको अवस्था राम्रो थिएन। फेरि हामी त तीन जना थियौँ पढ्ने। विजय र म एउटै कक्षामा पढ्थ्यौँ र खुब मिल्थ्यौँ। कहिलेकाहीँ म विजयको घरमा जान्थेँ। आमाले मलाई पनि आफ्नै छोरो जस्तो गरेर खानेकुरा दिनुहुन्थ्यो। हामी सँगै बसेर गृहकार्य गर्थ्यौं। ऊ पढ्नमा मभन्दा तिक्खर थियो। ऊ सधैँ प्रथम हुन्थ्यो, म त पाँच कक्षामा मात्र तृतीय भएको हुँ, त्योभन्दा माथि जान कहिल्यै सकिनँ।

सात कक्षा सकेपछि ऊ सहरको स्कुलतिर गयो। उसका बा सहरमै काम गर्न थाल्नुभयो। आमा चाहिँ यतै गाउँको स्कुलमा पढाउन थाल्नुभयो। मेरो र विजयको पनि भेटघाट हुन छाड्यो। दसैँमा घर आउँदा भने उसको र मेरो भेट हुन्थ्यो। हामी गफ गर्दै उन्मादी खोलाको किनारै किनार बगेरसम्म जान्थ्यौँ। ऊ माछा मारौँ भन्थ्यो। माछा मार्न त के सकिन्थ्यो, कहिलेकाहीँ भुरासम्म पक्रन्थ्यौँ।

आमा औषधी खाएर सुत्नुभयो। म पनि आमाले खाएका भाँडा माझेर घरतिर लागेँ। आमालाई जाउलो पकाएर ल्याइदिन मन लाग्यो। एक्लो बस्दा आमालाई नैराश्य भएझैँ पनि लाग्यो। आज कुनै बेला समय मिलाएर आमासँग एक डेढ घण्टा गफ गरौँ कि भन्ने सोच पनि आयो।

विजयले विज्ञान पढेर डाक्टर बन्ने विचार गऱ्यो र प्रवेश परीक्षा पनि पास गऱ्यो। ऊ डाक्टर बन्न काठमाडौँमा कम्मर कस्न थाल्यो, म गाउँमै शिक्षक बन्न शिक्षा विषय पढ्न थालेँ। विजयको गाउँ आउने क्रम विस्तारै घट्यो। फोनमा पनि हाम्रो त्यति कुरा भएन। एकपल्ट म त बाहिर जाने भन्थ्यो, त्यसपछि त्यतिकै टाढियो। नजिकका मित्र हामी पनि टाढाका साथी बन्यौँ। छिमेकी भए पनि मेरो र उसको परिवेश फरक थियो। हाम्रो बाटो अलग थियो। हामी यात्रामा केही समय सँगै हिँड्न सक्थ्यौँ तर गन्तव्यमा एक्लाएक्लै पुग्नु थियो। सायद जीवनको वास्तविकता नै यही हो।

एकदिन विजयका बा दुर्घटनामा परेर अस्पतालमा हुनुहुन्छ भन्ने खबर आयो। यो सुन्नासाथ आमाको होसहवास उड्यो। उहाँ आफूसँग भएको केही पैसा लिएर सहरतिर लाग्नुभयो। हामी पनि के भयो होला भन्ने हुटहुटीमा डुब्यौँ। खबरको सजिलो माध्यम थिएन। पछि मात्र थाहा भयो, आमा नपुग्दै विजयका बाले सबैलाई छोडिसक्नुभएछ। आमा र विजय दाहसंस्कार गरेर फर्किनुभयो, काजक्रिया यतै भयो। पढाइ सकिएको थिएन, विजय सहरतिर लाग्यो।

आमाले दुःखसाथ दैनिकी सुरु गर्नुभयो। परिवारको खसी एकाएक हराएझैँ देखियो। धेरै दिनसम्म आमाका अनुहारमा खुसी देखिएन। उहाँ विद्यालयबाट फर्केपछि घरभित्रै बसिरहनु हुन्थ्यो। ठूलै चोट परेर होला उहाँ तनाबमा देखिनु हुन्थ्यो। आमालाई देखेर केही गाउँलेले त डिप्रेसन भएछ सम्म भनेका थिए।

धेरैपछि एकदिन आमाले मेरी आमासँग भन्नुभयो, 'बहिनी, त्यो डोल खेत छ नि हाम्रो, बेच्नुपर्ने भो। विजय विदेश जान्छु भन्छ, पैसा छैन। नगइदिए त हुन्थ्यो। धेरै सम्झाएँ तर सकिनँ। अब म रोक्न नसक्नेमा पुगेँ। खै के-के भन्छ, उतै उसको भविष्य छ रे। रिसाउँछ पनि। उसका बाबु गइहाल्नुभयो। अलिक राम्रो दाम दिने कोही भए खोजिदेऊ न बैनी। सक्छौ भने तिमीहरू नै किन। छिमेकमा दिन पाए झन् राम्रो। लौ छोरा घर सल्लाह गर।'

यसो भन्दा आमाले मलाई राम्ररी हेर्नुभयो।

'किन जानु नि विदेश! यही काम गरे हुन्न? ऊ त डाक्टर बन्दैछ। डाक्टरको कति खाँचो छ हाम्रो देशमा,' मैले झट्ट बोलिहालेँ।

'भनेर के गर्नु बाबु, मेरो के लाग्छ र,' आमाले नैराश्य प्रकट गर्नुभयो।

हामीले घरमा कुरा गऱ्यौँ। आमाले छिमेकीको जग्गा लिएर उनकै छोरालाई विदेश पठाउनु राम्रो होइन, बरु रोक्नुपर्छ भन्नुभयो। बाले चाहिँ आखिर विदेश नगइनसक्ने हो र जग्गा नै बेच्ने हो भने ऋण खोजेर भए पनि हामीले खेत किनिदिन पाए हुन्थ्यो भन्ने मत राख्नुभयो। मलाई पनि आखिर विजय जान्छ नै भने जग्गा राम्रो छ, हामीले किनेर पैसा दिन पाए हुन्थ्यो जस्तो लाग्यो। हामी बैंकबाट ऋण लिएर जग्गा किन्ने निष्कर्षमा पुग्यौँ। आमाले हामीलाई जग्गा पास गरिदिनुभयो।

विजय विदेश भासियो। आमा दिनदिनै बिरामी पर्न थाल्नुभयो। एउटा सहारा पनि छोडेर उड्यो भनेर गुनासो गरिरहनु हुन्थ्यो। विजयको खबर के छ भनेर सोध्दा आजकल त त्यति फोन पनि गर्दैन भनेर निराश हुनुहुन्थ्यो। घरमा नाताले नातिनी पर्ने विमला आएर कहिलेकाहीँ काम सघाउँथिन्। अस्पतालमा जाँच गराउन कहिले हामीले र कहिले विमलाले लाने गरेका थियौँ। केही दिनदेखि आमामा बिरामी र निराशा दुवै बढेको देखिन्थ्यो। आमा आफ्नो व्यथा अरुलाई सुनाउन चाहनु हुन्नथ्यो। मलाई भने छोराजस्तै ठानेर आमाले सुखदुःखका कुरा सुनाउनुहुन्थ्यो।

मैले आमाका लागि जाउलो बनाएँ। मलाई आज अस्पताल लगिदिन मन लाग्यो। जाउलो र आमाले मन पराउने गुढ लिएर म पल्लाघरमा पुगेँ। आमा सुतिरहनु भएकै थियो।

'आमा, उठ्नु ता। मैले खानेकुरा ल्याएँ। आज अस्पताल जाने है जाँच गर्न। आमालाई अलिक गाह्रो भएझैँ लाग्यो।'

मैले आमाको हात समाएर उठाउन खोजेँ। हात गह्रौँ थियो, राम्ररी उठेन। म आत्तिएँ र बाआमालाई बोलाएँ। हामीले ट्याक्सी खोजेर आमालाई अस्पताल पुऱ्यायौँ। डाक्टरले पनि तुरुन्त हेरे। नाडी, आँखा, मुटु सबै जाँचे र घाँटीबाट स्टेथोस्कोप निकाल्दै भने, ' ढिलो भयो नि। उहाँले हामीलाई छाडिसक्नुभयो।'

मैले केही सोच्न र बोल्न सकिनँ, केवल आवाज निस्कियो आमा...।

## बिहे गर्ने निर्णय !



• पंकज अधिकारी

एकाएक छोरीको विवाह प्रस्ताव आएपछि सुनैनाका पिता कोइरालाजी आश्चर्यचकित भए। पहिले त उनलाई ठट्टा लाग्यो किनकि छोरीको व्यवस्थापनमा स्नातक पढाइ एक वर्ष बाँकी नै थियो। उसै पनि आजकल स्नातक नसकी कसैले पनि छोरी दिँदैनन्। तर प्रस्ताव रेग्मीहरूबाट नै आएपछि उनलाई लाग्यो कुरो हावादारी होइन।

रेग्मीजीसँग उनको चिनजान नभए पनि उनको व्यवाहारिकताको किस्साहरू वस्तीमा प्रख्यात थिए। उनी सितिमिति वचन दिँदैनन् र दिएपछि पूरा गर्न कुनै कसर बाँकी राख्दैनन् भन्ने सुनिन्थ्यो। त्यसैले सुझबुझबिना उनले पक्कै पनि छोरी माग्ने निर्णय गरेका होइनन् भन्ने प्रष्ट थियो।

एक मनले त कोइरालाजी हर्षित पनि भए। ठूली छोरीको समयमै बिहे गर्न पाए ठूलो जिम्मेवारीबाट हलुका हुन पाइन्थ्यो भन्ने उनलाइ लागेको थियो। कान्छी छोरी अहिले सानै थिई, उसको लागि समय बाँकी नै थियो। छोरीको लागि डाक्टर केटोको प्रस्ताव आएको कुरा पत्नीलाई सुनाए। उनको प्रतिक्रिया पनि पतिको जस्तै विस्मयकारी नै थियो। तर राम्रो घरबाट छोरी माग्न आएको हुनाले उनले पनि छोरीसँग सल्लाह गरौँ न त भनिन्। आमाबुबापछि चकित हुने पालो छोरीको थियो।

सुनैना पुराणका अप्सराहरूजस्ती थिई भन्नु अतिशयोक्ति हुन्थो तर उसको साधारण मुहारमा सदैव कान्ति रहन्थ्यो। मोनालिसाको रहस्यमयी मुस्कान जस्तै उसको हाँसो पनि मनमोहक हुन्थ्यो। पढाइमा मेधावी थिई अनि अंग्रेजी फिल्म भनेपछि हुरुक्कै हन्थी। मेरिल स्ट्रिपको 'साइलेन्स अफ द ल्याम्ब' कति चोटि दोहोराएर हेरी भन्ने हिसाब थिएन। घरव्यवहारका कुरा धेरै थाहा नभएको भन्दै फुपूहरूले हाम्री सुनैना त सुधी छे कसरी घर गरेर खाली भनी जिस्काउँथे पनि।

रविनले आफ्नो बुबामार्फत बिहेको लागि प्रस्ताव गरेको हुनुपर्छ भन्ने ठम्याउन सुनैनालाई धेरै सोच्न परेन। पहिले ऊ र रविन एकअर्कालाई असाध्यै मन पराउँथे। एउटै बाटो र गाडी चढ्ने हुँदा दुवैको आँखा देखादेख हुन्थ्यो र क्रमशः त्यो प्रेममा परिणत भएको थियो। ती उल्लासमय दिनहरू थिए। उनीहरू कहिले सिद्धपोखरी पुग्थे त कहिले गोदावरीको उद्यान। कहिले वसन्तपुरमा हात समाउँदै डुल्थे त कहिले नगरकोटको सिर्सिरे हावामा रमाउँथे। यस्तो लाग्थ्यो कि ती पलहरूको कहिल्यै अवशान हुनेछैन। सुनैना रविनसँगको प्रेममा आशक्त भएकी थिई।

तर एक वर्षपछि रविनको व्यवहारमा परिवर्तन देखिन थाल्यो। सुनैनाले महसुस गर्न थाली कि रविनले उसलाई पहिलेझैँ प्राथमिकतामा राख्न छाड्यो। रविन डाक्टरी पढाइमा भर्ना भएपछि दुवै जना चढ्ने गाडीको रुट पनि बदलियो। दूरीले प्रेम होइन, बरु असमझदारी र अविश्वास बढायो। सुनैनाले पटकपटक रविनसँग खुलेर कुरा गर्दै सुलह गर्न खोजी तर परिणाम केही निस्केन। रविन आफ्नै साथीभाइको दुनियाँमा मस्त थियो। त्यसपश्चात बिछोड अवश्यम्भावी भयो। प्रेमले अपरिमित खुसी दिएझैँ बिछोडले सुनैनाको आँखामा बलिन्धारा आँसु दिएर गयो। त्यसबाट बाहिर निस्कन उसलाई निकै सकस भयो।

करिब दुई वर्षपछि अचानक मेसेन्जरमा रविनको मेसेज आयो।

'के छ खबर? क्यान वि टक प्लिज?'

उसले मेसेजको प्रतिक्रिया जनाइन। तर रविनबाट तारान्तर मेसेज आउन थाल्यो।

बिछोडले सुनैनामा परिपक्वताको द्वार उघारिदिएको थियो। सानातिना भावनाको कुरामा अल्झिने भन्दा पढाइ सक्ने र आफ्नै व्यवसाय खोल्ने महत्वकांक्षा पालेर बसेकी थिई। उसको मनमा रविनप्रति सद्भाव निश्चय पनि थियो तर प्रेम बाँकी थिएन। उता रविन भने बिछोडपछि झन् प्रेमको अग्निमा दनदनी जलिरहेको थियो। उसले माफी, घुर्की, धम्की सबैथोक एकपछि अर्को गरेर प्रयोग गर्दै सुनैनासँग प्रेमको भिक्षा माग्दै झोली तेर्सायो।

❖ बाँकी तेस्रो पृष्ठमा

# हिसान कोशी प्रदेशको वरिष्ठ उपाध्यक्षमा ढकाल



झापा(प्रस)। हिसान कोशी प्रदेशको अध्यक्षमा ज्ञानबहादुर खड्का दोस्रो कार्यकालको लागि निर्विरोध निर्वाचित भएका छन् ।
विराटनगरमा शनिबार सम्पन्न दोस्रो अधिवेशनबाट खड्का अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् । खड्का विराटनगरस्थित शिक्षादीपक कलेजका प्रिन्सिपल हुन् । नवनिर्वाचित अध्यक्ष खड्काले निजी शैक्षिक संस्थाको हकहितमा लागि परेर काम गर्ने बताए । हिसानको बरिष्ठ उपाध्यक्षमा एमिटी कलेज बिर्तामोडका प्रिन्सिपल राधेश्याम ढकाल(आर.एस.) निर्वाचित भएका छन् । वरिष्ठ उपाध्यक्षमै गणेश दुलाल, उपाध्यक्षमा निलम अधिकारी, सचिबमा दिपेश बास्तोला, सहसचिवमा लक्ष्मण ढकाल, कोषाध्यक्षमा भुपेन्द्र न्यौपाने र सहकोषाध्यक्षमा प्रकाश भण्डारी चयन भएका छन् ।सदस्यहरुमा चन्द्रप्रसाद खनाल, राजेन्द्र अधिकारी, राम कालाखेती, खेमराज बास्तोला र मनिष भट्टराई रहेका छन् ।

# झुम्का कारागारभित्र कैदीको मृत्यु

झापा(प्रस) । सुनसरीको झुम्का कारागारमा एक कैदीको शंकास्पद मृत्यु भएको छ। कर्तव्य ज्यान मुद्दामा दोषी ठहर भएका खोटाङको साकेला गाउँपालिकाका ४२ वर्षीय न्यायधिश राईको कारागारमा मृत्यु भएको हो।
शनिबार बिहान ३ बजे कारागारभित्र राईको मृत्यु भएको हो। पत्नी हत्याको आरोपमा कर्तव्य मुद्दामा कैद भुक्तान गरिरहेका उनी इटहरी उपमहानगरपालिका-४ मा डेरा गरी बस्दै आएका थिए। राईका आफन्तहरूले कारागारभित्रै कुटेर हत्या गरेको आरोप लगाएका छन्।
मृतक राईका दाई सुभाषले कारागारमा भाइको हत्या भएको आरोप लगाए। उनले छानबिन गरी दोषी उपर कारबाहीको माग गरेका छन्।
सुभाषले भाइको शरीरभरी निलडाम रहेको, कान सुनिएको र चोट देखिएकाले उनको हत्या गरिएको आरोप लगाए। झुम्का कारागारका प्रमुख धुब्रराज कोइरालाले जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको दाबी गरे। श्वासप्रश्वासमा समस्या रहेकोले राईलाई उपचारका लागि जिल्ला अस्पताल सुनसरीमा उपचारका लागि भर्ना गरेको र सोही क्रममा मृत्यु भएको उनको भनाइ छ।
जिल्ला अस्पताल सुनसरीका प्रमुख श्रेया पंगेनीले राईको अस्पताल आउनुअघि नै मृत्यु भइसकेको जानकारी दिइन्। पीडित पक्षले न्याय र क्षतिपूर्ति नदिएसम्म शवको पोस्टमार्टम गर्न नदिने र शव नबुझ्ने अडान लिएको छ।
शव इनरुवा अस्पतालमा राखिएको छ। घटनाबारे छानबिन सुरु गरेको सुनसरीका प्रहरी प्रमुख एसपी बिपिन रेग्मीले जानकारी दिए।

# प्रश्नपत्र अब अंग्रेजी र नेपाली दुवै भाषामा



झापा(प्रस)। त्रिभुवन विश्वविद्यालय स्नातक तहको प्रश्नपत्र अब अंग्रेजी र नेपाली दुवै भाषामा हुने भएको छ।
चैत १५ गते बसेको प्राज्ञिक परिषद स्थायी समितिको बैठकले अंग्रेजी र नेपाली दुवै भाषामा सोधिने व्यवस्था गर्ने निर्णय गरेको हो।
विश्वविद्यालयको सूचना तथा जनसम्पर्क महाशाखाका अनुसार स्नातक तह पहिलो वर्षको आउँदो परीक्षाबाटै प्रश्नपत्रमा अंग्रेजीका साथै नेपाली भाषामा पनि उल्लेख हुने निर्णय कार्यान्वयन गरिनेछ। त्यसपछि दोस्रो, तेस्रो र चौथो वर्षको परीक्षाको प्रश्नपत्रमा लागु गरिनेछ। यसअघि प्रश्नपत्र अंग्रेजी भाषामा हुन्थ्यो।सरोकारवालाहरूले अंग्रेजीका साथै नेपाली भाषा पनि उल्लेख गर्न माग गर्दै आएका थिए।
भाषाकै कारण विद्यार्थीहरूको नतिजामा असर गरेको भन्दै नेपाली भाषा पनि राख्न माग गरिएको थियो।
सोअनुसार त्रिविले अब स्नातक तहको सबै संकायमा अंग्रेजीबाहेक अन्य विषयका प्रश्नपत्रमा अंग्रेजीसँगै नेपाली भाषामा पनि उल्लेख रहने निर्णय गरेको हो।

# लक्ष्मीपुर खानेपानीको १० औं साधारणसभा सम्पन्न



लक्ष्मीपुर(प्रस) । लक्ष्मीपुर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको १० औं बार्षिक साधारणसभा सम्पन्न भएको छ । झापाको कनकाई र अर्जुनधारामा कार्यालय रहेको संस्थाले शनिवार अर्जुनधारा ५ स्थित बिहीबारे बजारमा साधारणसभा गरेको हो ।
संस्थाका अध्यक्ष लीलाबहादुर कटुवालको अध्यक्षतामा भएको कार्यक्रममा कोशी प्रदेश सांसद चिन्तन पाठक (त्रिलोचन) को प्रमुख आतिथ्य रहेको थियो ।संस्थाका सदस्य हेमकुमारी चौधरीले स्वागत गरेको कार्यक्रमको सञ्चालन संस्थाका सचिव केशवप्रसाद ओझाले गरेका थिए ।

कनकाई ८ र ९, अर्जुनधारा ५ साविक ६ साथै बिर्तामोड समेतका केही क्षेत्रलाई शुद्ध खानेपानी बितरण गर्ने उद्धेश्यले स्थापना भएको संस्थामा हाल ७८१ वटा धारा जडान गरिएको अध्यक्ष कटुवालले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै गत बर्षको साधारणसभा उठेका प्रश्न र सुझावको आधारमा ७७ वटा धारा ५० प्रतिशत छुटमा जडान गरिएको अध्यक्ष कटुवालले जानकारी दिए । खानेपानी संस्थाले आगामी बर्षदेखि एसएमएस सेवा सञ्चालन गरेर प्रत्येक उपभोक्तालाई सूचना प्रवाह गर्ने समेत भएको छ । संस्थाले १० हजार लिटरसम्मको पानीको महसुल १५० रुपैयाँ लिने गरेको सदस्य बुद्धिसागर कट्टेलले जानकारी दिए । उनका अनुसार हाल नयाँ सदस्यलाई १० हजार रुपैयाँमा धारा जडान गरिँदै आएको छ भने पुराना सदस्यलाई जम्मा भएको रकमबाट घटाएर जडान गरिने छ । संस्थामा हाल एक हजार एकसय ३५ जना उपभोक्ता रहेको कट्टेलले बताए ।

आर्थिक बर्ष २०७९/८० मा बिभिन्न शिर्षकमा ९१ लाख ५५ हजार ८५ रुपैयाँ आम्दानी गरेको संस्थाको राष्ट्रिय बाणिज्य बैंक बिर्तामोडमा ६ लाख ६७ हजार ७६ र बागेडाँगी त्रिवेणी सहकारीमा १३ लाख २९ हजार ३२५ रुपैयाँ बचत रहेको छ भने अन्य बिभिन्न शिर्षकमा खर्च भएको साधारणसभामा प्रस्तुत लेखा प्रतिवेदनमा उल्लेख छ । लेखा प्रतिवेदन संस्थाका सदस्य नारायण काफ्लेले प्रस्तुत गरेका थिए ।त्यस्तै संस्थाले केन्द्रीय र प्रदेश सरकारबाट अनुदानबापत १ करोड ६० लाख माग गर्ने, आन्तरिक उपभोक्ता तथा महसुलबाट १९ लाख ३० हजार र सडक कालोपत्रेअन्तर्गत कनकाई र अर्जुनधारा नगरबाट १ करोड बजेट माग गर्ने प्रस्ताव साधारणसभामा पेश गरेका थियो । संस्थाले आगामी बर्षदेखि धारा जडान गर्नेलाई मात्र उपभोक्ता मानेर उपभोक्ता कार्डसमेत बितरण गर्ने प्रस्तावसमेत पेश गरेको छ ।
कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पाठकले शुद्ध खानेपानी अति आवश्यक भएकाले प्रदेश सांसद भएका नाताले खानेपानी सुधारमा सक्दो पहल गर्ने प्रतिबद्धता ब्यक्त गरेका छन् ।

त्यस्तै अर्जुनधारा ५ का वडाध्यक्ष गीताराज खड्का (हरि) ले अति बिपन्न ५० घरपरिवार पहिचान गरी निःशुल्क खानेपानीको धारा जडान गर्ने प्रतिवद्धता ब्यक्त गरे । कार्यक्रममा जग्गादाताका तर्फबाट छबिलाल लम्साल, हस्त-पद्मा खानेपानी घैलाडुब्बाका उपाध्यक्ष गोबिन्द श्रेष्ठ, उपभोक्ताहरुका तर्फबाट देवराज बुढाथोकीलगायतले आ-आफ्नो भनाई राखेका थिए । कार्यक्रममा संस्थाका लागि जग्गा प्रदान गर्ने तेजकुमार गिरी, चुडामणि आचार्य, कनकाई ८ र अर्जुनधारा ५ का जनप्रतिनिधि, बिभिन्न सामाजिक ब्यक्तित्व, स्थानीय संघ संस्थाका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

## बिहे ...

एकदिन फोन गरेर रुँदै पहिलेको झैँ प्रेमको लागि अनुनयविनय गऱ्यो। उसको रोदनमा प्रेमिल क्रन्दन थियो। तर सुनैनाको मन किञ्चित पनि डगमग भएन। रविनले कसैगरी पनि परिणाम आफ्नो पक्षमा आउने देखेन।

घरमा छोरो टोलाउने र निराश भएको देखेर रेग्मी दम्पति दुःखी त थिए तर कुरा के हो भन्ने उनीहरूलाई थाहा थिएन। आमाले धेरैचोटि सोधपुछ गरेपछि उसले अलिक अप्ठ्यारो मानेर सुनैनासँग आफ्नो बिहेको कुरा गर्न भन्यो। आफ्ना बाबुसँग अलिक दूरीमा नै रहनेहुँदा उसलाई भन्ने आँट आएको थिएन। छोरोको कारुणिक अवस्था देखेर हुनुपर्छ, आमाले अरू सोधपुछ गरिनन्। अरूका छोराहरू बिहे गर्न भनेसी अक्मकाउँछन्, आफ्नो छोरो बिहे गर्न तयार मात्र थिएन बरु उसले केटी पनि मन पराइसकेछ भन्ने सोची गद्गद् भइन्। उनले पतिसँग छोरोको बिहेको कुरा राखिन्।

रेग्मीजी सुरुमा त अवाक भए। तर कुरा बुझ्दै जाँदा छोरो बिहेप्रति गम्भीर भएर नै लागेको उनलाई पऱ्यो। फेरि ढिलोचाँडो बिहे त गरिहाल्नु पर्थ्यो। त्यसमाथि पत्नीले पनि एक्लो सन्तानको दारुण अवस्था देखाउँदै बारम्बर करकर गरेपछि उनले केटीको घरपरिवार बारेमा बुझ्ने निधो गरे। उनको कोइरालाहरूसँग परिचय थिएन। त्यसैले उनीहरूसँग चिनजान भएको आफ्नो एक मित्रसँग सोधपुछ गरे। केटी सुशील र अध्ययनशील छे र परिवार पनि इज्जतदार छन् भन्ने उनलाई जवाफ आयो। त्यसपछि बिहेको कुरा कोइरालाहरूसमक्ष पुग्यो।

'बिहेको कुरो आएको छ। कुरा अगाडि बढाउने कि के गर्ने? के छ तेरो विचार?' आमाको प्रश्न सुनेर सुनैनाले पन्छिने आशयले भनी- 'मलाई मन छैन।'

छोरीको बिहेप्रति अरुचि देखेपछि कोइराला दम्पतिले धेरै करबल गरेनन्। तर ठाडै छोरीले नाइ भनी भनेर रेग्मीहरूलाई भन्न पनि अप्ठ्यारो भयो। केही समय कुरौँ अनि सुनैनाको मन फिर्ला भन्ने सोचे। तर उसको निर्णय बदलिएन।

उता कोइरालाहरूको जवाफ नआएर रेग्मी परिवार हतास भयो। रविनका बाबुलाई हतारो थिएन तर आमा छटपटीमा थिइन्। समय बितेसँगै उनको छटपटी कोइरालाहरूप्रति क्रोधमा बदलिन थाल्यो।

'संसारमा अरु केटी नै छैनन् जस्तो नखा पारिरहेका छन्। मेरो छोरोले सजिलै एक से एक राम्री केटी पाउँछ। तिनीहरूलाई हामीले दिएको सम्मान बढी भाको हो। अरु केही होइन।'

रेग्मीजीले सुनैनाका पितालाई भेटेर कुरा राखे।

'मैले १५ वर्षमा गाउँमा बिहे गरेको। केटी को हो भन्ने पनि थाहा थिएन। तपाईं हामीले कुन दुःखले घरसंसार जोड्यौँ भन्ने हाम्रा बालबच्चाले बुझेका छैनन्। अहिले जुग पनि फेरियो। हाम्रो छोरो र सुनैनाको पहिलेदेखि नै चिनजान रहेछ, उहीसँग बिहे गर्छु भन्छ। जाहान पनि एक्लो छोरोको इच्छा पूरा भइदेओस् भनेर चिन्तित छिन्। एकचोटि भुराभुरी भेटेर कुरा गरून्। मन मिलेछ भने कुरा अगाडि बढाऔँला। मन मिलेन भने कुनै करकाप छैन।'

कोइरालाजीलाई रेग्मीजीको कुरा मनासिब लाग्यो। घरमा आफ्नी पत्नी र छोरीलाई सँगै राखेर उनले रेग्मीजीसँग भएको कुरा बेलिविस्तार लगाए। सुनैनाले एकपटक भेटेर नै कुरा टुंग्याउने सोची।

भोलिपल्ट दुवैजाना कुराकानीको लागि क्याफेमा आए। आकाशमा कालो बादल मडारिएको थियो। बाहिर अलिअलि पानी छिट्याउन थालेको थियो। आकाशे गाढा निलो कुर्ता र हल्का निलै जिन्स प्यान्ट लगाएकी सुनैनाको पूर्णतः गम्भीर भावभंगीमा थियो। रविनले कालो जिन्स प्यान्ट र खरानी रंगको ज्याकेट लगाएको थियो। उसको मुहारमा छटपटी र ग्लानीको मिसावट देखिन्थ्यो। एकछिनको मौनतापछि रविनले कुरा सुरु गऱ्यो।

'मैले तिमीसँग भेट्ने अरु उपाय ठम्याउन सकिनँ। त्यसैले घरमा बिहेको प्रस्ताव राख्न भनेँ।'

'तिमी ताइँ न तुइँको कुरामा अल्झिराको छौ,' सुनैनाले शान्त भावमा भनी।

'के मानिसबाट भूल हुँदैन र? युवाअवस्थामा अन्जानमा हुने ससाना गल्तीहरूको लागि निर्मम दण्ड दिनु के न्यायोचित हो? के तिमी मलाई प्रेम गर्दिनथ्यौ र?' रविनले अश्रुमिश्रित आवाजमा प्रश्न तेर्सायो।

सुनैनाले जवाफ फर्काइ, 'समय बदलिन्छ। हिजो तिमीलाई प्रेम गर्ने एउटी किशोरी थिई। तर आज ऊ विस्तारै प्रौढ नारी बन्ने प्रक्रियामा छे, उसको संसार र संगती विस्तृत भएको छ। त्यसकारण जसरी तिमी मलाई छान्न स्वतन्त्र छौ, त्यसरी नै मकहाँ आएका तिम्रो या अरूको प्रस्तावलाई हुन्छ वा हुन्न भनेर निर्णय लिन म पनि त्यतिकै स्वायत्त छु।'

माहोल एकछिन शान्त भयो। अनि रविनले सोध्यो, 'तिम्रो निर्णय के हो त?'

'मेरा आफ्ना व्यावसायिक योजनाहरू छन्, सायद तिम्रा पनि केही होलान्। बिहे गर्नु भनेको तिनमाथि तगारो तेर्साउनु हो। हो, हाम्रो एउटा विगत थियो तर त्यतिबेलाको कुराले तिमीप्रति मेरो मनमा अलिकति पनि वैरभाव छैन। तिमी हरेक कोणबाट एउटा योग्य व्यक्ति हौ। उमेरसँगै मेरो विचार र संसार फैलिसकेको छ। विगतको आलोकमा म वर्तमानमा दीर्घकालीन निर्णय लिन सक्दिनँ। मलाई विश्वास छ कि तिमी मेरो निर्णयको सम्मान गर्नेछौ।'

यति भनेर सुनैना बिदा माग्दै आफू बसेको कुर्सीबाट उठी र क्याफेबाट निस्की। रविन एकतमासले ऊ गएको दिशातिर हेरिरह्यो। हेर्दाहेर्दै बाहिर पानी बेस्सरी दर्किन थाल्यो।

## किचकबधमा...

२०५८ सालमा पहिलो पटक पुरातत्व विभागले यस स्थलको उत्खनन् पुरातत्वविद आचार्यकै नेतृत्वमा गराएको थियो । यो पटक सातौं उत्खनन् हो । यो उत्खनन् यही चैत १८ गतेसम्म मात्र गरिने र एक- दुई दिन यस क्षेत्रलाई प्लास्टिकले छोपेर त्यसमाथि माटोले पुर्न लाग्ने भएकोले अहिलेको उत्खनन् टोली चैत २४ भित्र फर्कने पुरातत्व अधिकृत नविन अधिकारीले बताए ।
यसअघि २०३५ सालमा मेची क्याम्पसका इतिहास विषयका प्राध्यापक घनश्याम खनालको अगुवाइमा इतिहासका विद्यार्थीले उत्खनन् गरेका थिए । त्यसबेला पुराना माटाका भाँडा, ठूला आकारका लुम्बिनीमा पाइएका जस्ता चेप्टा ईटालगायतका पुरातात्विक सामग्री फेला परेका थिए ।


प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५५५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** – प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** – आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** – धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** – आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** – सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** – रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** – आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** – हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** – आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** – आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** – आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** – आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।